आज मिति २०७६ श्रावण १७ गते बेलवारी नगरपालिकामा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को (ठ) ४ मा भएको व्यवस्था अनुसार स्थानीय तहविचको साझा सरोकार तथा साझेदारीका विषयमा अन्तर स्थानीय तह संयूक्त समन्वय समिति बेलवारी नगरपालिकाका नगरप्रमुख श्री ज्ञानेन्द्र सुवेदीज्यूको संयोजकत्वमा तपशिल बमोजिमका स्थानीय तहहरुका नगर प्रमुख, उप प्रमुख, अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकिय अधिकृतहरुको उपस्थितिमा वैठक वस्यो ।

तपशिल

संयोजकः नगर प्रमुख श्री ज्ञानेन्द्र सुवेदी — बेलवारी नगरपालिका

सदस्यः नगर प्रमुख श्री शिव प्रसाद ढकाल — सुन्दरहरैचा नगरपालिका

सदस्यः अध्यक्ष श्री रोहित कार्की — केरावारी गाउँपालिका

सदस्यः अध्यक्ष श्री तारा काफ्ले — कानेपोखरी गाउँपालिका

सदस्यः अध्यक्ष श्री शिव नारायण माझी — ग्रामथान गाउँपालिका

उपप्रमुख श्री ढाका कुमारी पराजुली — बेलवारी नगरपालिका

उपप्रमुख श्री धनमाया तामाङ्ग — सुन्दरहरैचा नगरपालिका

उपाध्यक्ष श्री शान्ति कुमारी भूजेल लिम्बु — केरावारी गाउँपालिका

उपाध्यक्ष श्री राजमती ईङ्गनाम — कानेपोखरी नगरपालिका

उपाध्यक्ष श्रीफुल कुमारी चौधरी — ग्रामथान गाउँपालिका

प्रमुख प्र.अधिकृत श्री गणेश प्रसाद दाहाल — सुन्दरहरैचा नगरपालिका

प्रमुख प्र.अधिकृत श्री प्रदिप शाह — बेलवारी नगरपालिका

प्रमुख प्र.अधिकृत श्री पुण्य प्रसाद पौडेल — केरावारी गाउँपालिका

प्रमुख प्र.अधिकृत श्री पुरुपोतम घिमिरे — कानेपोखरी गाउँपालिका

प्रमुख प्र.अधिकृत श्री होम प्रसाद पौडेल — ग्रामथान गाउँपालिका

वडाध्यक्ष श्री चरण गुरुङ्ग — कानेपोखरी गाउँपालिका

महेन्द्र खड्का अधिकृतस्तर सातौ

दिनेश खड्का स.क.अ.

प्रस्तावहरु

१. चिसाङ र लोहन्द्रा खोलाको संयूक्त ठेक्का प्रकृया सम्बन्धमा ।

२. करको दररेट सम्बन्धमा ।

निर्णयहरु

निर्णय नं. १ बेलबारी नगरपालिका, सुन्दर हरैचा नगरपालिका, कानेपाखरी गाँउपालिका, केरावारी गाउँपालिका र ग्रामथान गाउँपालिकाको साझा खोलाको हकमा सिमा जोडिएका स्थानीय तहहरुको IEEअध्ययन प्रतिवेदनको आधारमा तपशिल बमोजिमको खोलाहरुमा संयुक्त रुपमा ठेक्का बन्दवस्त गर्ने गरि बेलबारी नगरपालिकालाई सहमती दिनुका साथै उक्त ठेक्का बन्दोवस्त गरे वापत प्रशासनिक खर्च समायोजन गरी बाँकी रकम सम्बन्धित पालिकाहरुको उल्लेखित परिमाणको आधारमा बाडफाँड गर्ने निर्णय गरियो ।

तपशिल

क. चिसाङ खोलाको हकमा

वेलबारी नगरपालिका र कानेपोखरी गाँउपालिकाले गरेको IEE प्रतिवेदनको आधारमा बेलबारी नगरपालिकाको माथिल्लो राधानगर (गौथली चोक), राधानगर, श्रृजना टोल, शान्ती टोल, दौलतपुर (क) र दौलतपुर (ख) गरि ६ वटा नाकाबाट जम्मा ५९३४५ घनमिटर र कानेपोखरी गाँउपालिकाको जहदा, बागझोडा र धावी टोल नाकावाट जम्मा ६७४८५ घनमिटर गरि जम्मा १२६८३० घनमिटर बरावर ढुङ्गा, गिटी, वालुवाको उत्खन्न गरि गर्न सकिने IEE प्रतिवेदनले औल्याएको हुदाँ सोही परिमाण बरावरको ठेक्का बन्दोवस्त गर्न दुबै पालिका सहमत भएकोले सोही अनुसार गर्न उपयूक्त हुने निर्णय गरियो ।

ख. लोहन्द्रा खोलाको हकमा

बेलबारी नगरपालिका र केरावारी गाँउपालिकाले गरेको IEE प्रतिवेदनको आधारमा बेलबारी र केरावारीको नक्सल नाका एउटै नाका पर्ने भएकोले सो नाकामा केरावारी गाँउपालिकाको ५०००० घनमिटर र बेलबारीको ५०१६४ घनमिटर गरि जम्मा १००१६४ घनमिटर बरावर ढुङ्गा, गिटी, बालुवाको उत्खन्न गर्न सकिने साथै बेलबारी नगरपालिका र सुन्दरहरैचा नगरपालिकाको IEE प्रतिवेदनको आधारमा लोहन्द्रा खोलाको शुक्रवारे नाका र गडगाँउ नाका दुबै नगरपालिकाको संयुक्त नाका भएकोले सो नाकामा सुन्दरहरैचाको ८६०७१ घनमिटर र बेलबारीको ३३८५७ घनमिटर र बाँकी लोहन्द्रा खोलामा बेलबारीको विभिन्न नाकामा ५०८८३ घनमिटर गरि कुल २७०९७५ घनमिटर साथै ग्रामथान गाउँपालिकाको विभिन्न नाकाहरु भोला चोक ११००० घनमिटर, विनटोल नाका २७००० घनमिटर, कोरियाडागी कालाबन्जर २१२०६ घनमिटर, चप्रामारी २९३७० घनमिटर, मोतीपुर नाका १६१७० घनमिटर गरि जम्मा १०४७४६ घनमिटर गरी सबै पालिकाको कुल जम्मा ३,७५,७२१ घनमिटर

बराबरको ढुङ्गा, गिटी, बालुवाको उत्खन्न गर्न सकिने सबै पालिकाको IEE प्रतिवेदनले औंल्याएको हुदाँ सोही परिमाण बराबरको ठेक्का बन्दोबस्त गर्ने साथै उल्लेखित खोलाहरुको अलग अलग प्याकेजमा ई विडिङ्ग मार्फत ठेक्का बन्दोबस्त गर्ने निर्णय गरियो ।

निर्णय नं. २:ढुङ्गा, गिटी, बालुवा, भरौटको दररेट सम्बन्धमा प्रदेश सरकारले तोकेको दररेटमा नबढ्ने गरी प्रति घनफिट सरदर रु ३.०० (भ्याट बाहेक) अक्षरेपी तीन रुपैया कायम गर्ने साथैठेक्का बन्दोवस्त हुदाँ एकमुष्ठ रकम बुझाएको हकमा १० प्रतिशत रकम छुटको सुविधा दिने निर्णय गरियो ।

निर्णय नं. ३:यस क्षेत्रका पालिकाहरुमा रहेको वन क्षेत्रमा ओभर डिपोजिट भएको ढुङ्गा गिटी बलुवा आदीको कारण सो क्षेत्रमा रहेका वन क्षेत्र तथा वस्तीहरुमा क्षति पुर्याउन सक्ने अवस्था रहेको हुदाँ उक्त वन क्षेत्रका स्थानहरुमा ढुङ्गा गिटी बलुवा उत्खनन गरि बिक्री गर्न जिल्ला अनुगमन तथा समन्वय समिति तथा जिल्ला वन कार्यालयलाई अनुरोध निर्णय गरियो ।

निर्णय नं. ४: साझा खोलाहरुको अनुगमन संयुक्त पालिकाहरुको उपस्थितिमा आवश्यकता अनुसार गर्ने निर्णय गरियो ।